# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड
## सोह्रौं वार्षिक साधारणसभा

### काम कारवाहीको विवरण (माइन्यूट)

१. **बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र यस विकास बैंकको नियमावली बमोजिम बैंकको सोह्रौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८१ साल पौष १९ गते, शुक्रवार (तद्नुसार जनवरी ३, २०२५) ।
समय : बिहान ११ : ०० बजे ।
स्थान : ड्रिमल्याण्ड गोल्ड रिसोर्ट एण्ड होटल प्रा.लि., मणिग्राम, रुपन्देही ।

३. **सभाको सूचना जारी**

३.१. मिति २०८१ मंसिर २३ गते बसेको सञ्चालक समितिको ३०२औं बैठकले निर्णय गरे बमोजिम यस विकास बैंकको सोह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा यस विकास बैंकको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार मिति २०८१ मंसिर २४ गते कारोबार राष्ट्रिय दैनिक र २०८१ पौष १० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा गरी २ (दुई) पटक सूचना प्रकाशित गरिएको ।

३.२. कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा सोह्रौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना संलग्न गरी पठाइएको ।

३.३. कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

४. **सभामा प्रस्तुत छलफलका विषयहरु**

४.१ **सामान्य प्रस्तावहरु :**

४.१.१. आ.व. २०८०/०८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

४.१.२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

४.१.३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाटचुक्ता पूंजीको ५ (पांच) प्रतिशतले हुने रकम रु. २३,६६,८४,५४८/०० (अक्षरेपी तेईस करोड छैसट्ठी लाख चौरासी हजार पाँच सय अठ्चालीस मात्र) बराबरको नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्विकृत गर्ने ।

४.१.४. आर्थिक बर्ष २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४.१.५ सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

४.२. **विशेष प्रस्तावहरु :**

४.२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ३ (तीन) प्रतिशतले हुन आउने रकमरु. १४,२०,१०,७२९/०० (अक्षरेपी चौध करोड बीस लाख दश हजार सात सय उनान्तीस मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूंजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने ।

४.२.२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

४.२.३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने ।

**४.४.३. विविध**

५. **सभामा उपस्थिति**

**५.१ सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| ५.१.१. श्री थानेश्वर पौडेल | अध्यक्ष | उपस्थित |
| ५.१.२. डा. ताराप्रसाद उपाध्याय | सञ्चालक | उपस्थित |
| ५.१.३. ई. सुरज उप्रेती | सञ्चालक | उपस्थित |
| ५.१.४. श्री बिरेन्द्र बिष्ट | सञ्चालक | उपस्थित |
| ५.१.५ श्री नम्रता भण्डारी | सञ्चालक | उपस्थित |
| ५.१.६ श्री गोपाल प्रसाद पाण्डे | स्वतन्त्र सञ्चालक | उपस्थित |

**५.२ बैंक पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| ५.२.१ श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ५.२.२ श्री लोकराज पनेरु | नायव प्रमुख कार्यकारी अधिकृत |
| ५.२.३ श्री यशोधन पाण्डेय | सहायक महाप्रवन्धक |
| ५.२.४ श्री भुवन प्रसाद पन्थ | बरिष्ठ प्रवन्धक |
| ५.२.५ श्री किरण प्रसाद शर्मा नेपाल | बरिष्ठ प्रवन्धक |
| ५.२.६ श्री लालमणी पन्थी | बरिष्ठ प्रवन्धक |
| ५.२.७ श्री गोपाल खनाल | प्रवन्धक |
| ५.२.८ श्री शैलेश कुमार श्रीवास्तव | प्रवन्धक |
| ५.२.९ श्री अर्जुन खड्का | का.मु प्रवन्धक |
| ५.२.१० श्री प्रवास राई | उप प्रवन्धक |
| ५.२.११ श्री मित्रमणी पोखरेल | उप प्रवन्धक |
| ५.२.१२ श्री लेखनाथ पौडेल | उप प्रवन्धक |
| ५.२.१३ श्री जगत कुमार महतारा | उप प्रवन्धक |
| ५.२.१४ श्री देबी प्रसाद पौडेल | सहायक प्रवन्धक |
| ५.२.१५ श्री प्रेम सुवेदी | सहायक प्रवन्धक |
| ५.२.१६ श्री दिपक पाण्डेय | बरिष्ठ अधिकृत |

### ५.३ शेयरधनीहरुको उपस्थिति

५.३.१. संस्थापक शेयरधनीहरुको समूहवाट स्वयं उपस्थित ८२ जना र प्रोक्सी मार्फत १४५ जना उपस्थिती भै कुल शेयर संख्या १,९७,४३,१४५ कित्ता ।

५.३.२. सर्वसाधारण शेयरधनीहरुको समूहवाट स्वयं उपस्थित २४५ जनार प्रोक्सी मार्फत २४९ जना उपस्थित भै कुल शेयर संख्या ५२,१९,६४८ कित्ताको प्रतिनिधित्व ।

५.३.३. कुल उपस्थित शेयर संख्या २,४९,६२,७९३ कित्ता ।

५.३.४. शेयरको कुल उपस्थिति प्रतिशत ५२.७३ प्रतिशत ।

### ५.४ अन्य उपस्थिति

५.४.१ बरिष्ठ अधिवक्ता बिनोद गौतम

## ६. सभाको गणपूरक संख्या

| विवरण | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | उपस्थित जम्मा शेयर संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या **४,७३,३६,९०९** | ३२७ | ३९४ | ७२१ | २,४९,६२,७९३ | ५२.७३ |

कम्पनीको कुल शेयर कित्ता मध्ये १,१२,८०,२४८ शेयर कित्ताका ३२७ जना शेयरधनीहरु स्वयं उपस्थित हुनुभएको र १,३६,८२,५४५ शेयर कित्ताका ३९४ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई बाँडफाँड भएको कुल शेयर संख्याको ५२.७३ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो

## ७. सभाको वैधानिकता

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस विकास बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुनेगरी कुल शेयरधनी मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार उल्लेखित तालिका बमोजिमका शेयरधनीहरुको उपस्थिती रहेकोले गणपूरक संख्या पुगेको अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कम्पनी सचिवले जानकारी गराउनु भयो ।

## ८. सभाको अध्यक्षता

कम्पनी ऐन, २०६३ को दफा ७४, उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षताको लागि कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूलाई सभाको अध्यक्षता गरी दिनुहुन आग्रह भए बमोजिम उहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, निर्वाचन अधिकृत, संस्थाका पदाधिकारीहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

## ९. सोह्रौं वार्षिक साधारणसभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसारका साधारण र विशेष प्रस्तावहरु छलफल गरी निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो ।

१०. **छलफलको लागि आव्हान**

साधारणसभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्नसक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको सोह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

११. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा तथा सुझाव**

सभामा सर्वसाधारण शेयरधनी श्री यमलाल भट्टराई, श्री गोविन्द गौतम र संस्थापक शेयरधनी श्री बुद्धिराम भण्डारीले बर्तमान बैकिङ्ग अवस्थालाई थप सुदृढ गर्नका लागि आ आफ्ना सुझावहरु राख्नु भयो भने उहांहरुका जिज्ञासाहरु उपर अध्यक्ष थानेश्वर पौडेल तथा प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले जवाफ दिनु भयो ।

१२. **सभाको निर्णय**

१२.१. **साधारण प्रस्ताव**

१२.१.१.आ.व. २०८०/०८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.२.लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.३.सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ५ (पाँच) प्रतिशतले हुने रकम रु. २३,६६,८४,५४८/०० (अक्षरेपी तेईस करोड छैसट्ठी लाख चौरासी हजार पाँच सय अठ्चालीस मात्र) बराबरको नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्विकृत गर्न पेश गरेको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.१.४.आर्थिक बर्ष २०८१/०८२ को लेखापरिक्षण गर्न लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्ताव देहाय बमोजिम हुनेगरी सभाबाट सर्वसम्मतले पारित भयो ।

आर्थिक बर्ष २०८१/०८२ को लेखापरीक्षण गर्नका लागि **एस.ए.आर. एशोसियट्स ((सीए. रमेश कुमार धिताल) काठमाण्डौं** लाई मूल्य अभिबृद्धि कर सहित रु. २२,६०,०००/-(अक्षरेपी बाइस लाख साठी हजार मात्र) लेखापरीक्षण शुल्क भुक्तानी गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने ।

१२.१.५ सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने प्रस्ताव देहाय बमोजिम सर्वसम्मत्तीले पारित भयो ।

कम्पनी ऐन् २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, यस विकास बैंकको नियमावली र सञ्चालक निर्वाचन निर्देशिका, २०८१ बमोजिम सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने ३ जना देहाय बमोजिमका शेयरधनीहरु आगामी ४(चार) बर्षका लागि सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको जानकारी निर्वाचन अधिकृतले सभामा गराउनु भयो ।

| सि.नं. | नाम | समूह |
|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | संस्थापक शेयरधनीहरुको तर्फवाट |
| २. | ई. सुरज उप्रेती | संस्थापक शेयरधनीहरुको तर्फवाट |
| ३. | बिरेन्द्र भुसाल | संस्थापक शेयरधनीहरुको तर्फवाट |
| ४. | श्री बिरेन्द्र बिष्ट | सर्वसाधारण शेयरधनीहरुको तर्फवाट |
| ५. | श्री नम्रता भण्डारी | सर्वसाधारण शेयरधनीहरुको तर्फवाट |
| ६. | डा. हिमाल भट्टराई | सर्वसाधारण शेयरधनीहरुको तर्फवाट |

**१२.२. विशेष प्रस्ताव**

१२.२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ३ (तीन) प्रतिशतले हुन आउने रकम रु. १४,२०,१०,७२९/०० (अक्षरेपी चौध करोड बीस लाख दशहजार सात सय उनान्तीस मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

साथै, बोनस शेयर वितरणपछि बैंकको पूँजी संरचना परिवर्तन हुने भएकाले प्रवन्धपत्रमा देहाय बमोजिमको संशोधन गर्ने सम्वन्धी देहाय बमोजिमको विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

**प्रवन्ध-पत्र तर्फ :**

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

**(ख)** विकास बैंकको जारी पूँजी रु.४,८७,५७,०१,६७९/५४ (अक्षरेपी चार अर्ब सतासी करोड सन्तावन्न लाख एक हजार छ सय उनासी रुपैया र पैसा चवन्न मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ४,८७,५७,०१६/७९ (चार करोड सतासी लाख सन्तावन्न हजार सोह्र दशमलव उनासी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ४,८७,५७,०१,६७९/५४ (अक्षरेपी चार अर्ब सतासी करोड सन्तावन्न लाख एक हजार छ सय उनासी रुपैया र पैसा चवन्न मात्र) हुनेछ ।

१२.२.२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१२.२.३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

**१२.३. विविध**

विविध विषय अन्तर्गत छलफलको लागि कुनै विषयवस्तु नरहेको ।

१३. **धन्यबाद ज्ञापन तथा सभा बिसर्जन**

सोह्रौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, सञ्चालक समिति, बैंकमा कार्यरत कर्मचारी लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २:२० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

.....................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

.....................
थानेश्वर पौडेल
अध्यक्ष (सञ्चालक समिति)